# अनलाइन माध्यम बाट आदिवासी/जनजाति/दलित तथा खस आर्य प्रमाणित गर्ने सम्बन्धि सामान्य कार्य प्रक्रिया

## (General Working Procedure)

## जिल्ला प्रशासन कार्यालय
## डोल्पा

मिनराज रिमाल
सहायक प्रमुख जिल्ला अधिकारी

# प्रस्तावना

* दुर्गम तथा भौगोलिक विकटताले यस जिल्लाका सेवाग्राहीहरुलाई अनलाइन (Online) माध्यमबाट सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो, कम खर्चिलो तथा नागरिकमैत्री बनाई e-governance को अवधारणालाई कार्यान्वयन गर्ने हेतुले सर्वसाधारणलाई कम खर्चमा सहजै सेवा प्राप्त गर्नका लागि यो व्यवस्था लागु गरिएको छ ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय दुनै, डोल्पा

मिनराज रिमाल
सहायक प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी

# सिफारिस सम्बन्धमा

* हाल वडा कार्यालय बाट प्रदान गरिदै आएको आदिवासी/जनजाति/दलित तथा खस आर्यको प्रमाणित गर्नुपूर्व कुनै कागजातमा दिविधा उत्पन्न भएमा मात्र कार्यालयले सम्बन्धित निकाय सँग समन्वय गरी थप सिफारिस माग गर्नेछ । निवेदकले उक्त कार्यका लागि छुट्टै सिफारिश पेश गर्नुपर्ने छैन ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दुनै, डोल्पा

९५४३

९३।०८
मिनराज रिमाल
सहायक प्रमुख जिल्ला अधिकारी

2069/12/06
भुमिश्वर पोखेल
प्रमुख जिल्ला अधिकारी

# प्रमाणित गर्ने आधारहरु

* सेवाग्राही/निवेदकको नेपाली नागरिकता प्रमाणपत्रमा स्पष्टरुपमा निजको थर राष्ट्रिय दलित आयोगले सूचिकृत गरेको दलित थरहरु मध्येको थर कायम भएको हुनुपर्ने छ ।
* सेवाग्राही/निवेदकको नेपाली नागरिकता प्रमाणपत्रमा स्पष्टरुपमा निजको आदिवासी जनजाती राष्ट्रिय उत्थान प्रतिष्ठान ऐन, २०५८ ले सूचिकृत गरेका "आदिवासी जनजाती" थरहरु मध्येको थर कायम भएको हुनुपर्ने छ ।
* सेवाग्राही/निवेदकको नेपाली नागरिकता प्रमाणपत्रमा स्पष्टरुपमा निजको राष्ट्रिय समावेशी आयोगले सूचिकृत गरेका "खस आर्य" थरहरु मध्येको थर कायम भएको हुनुपर्ने छ ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय दुनै, डोल्पा

मिनराज रिमाल
सहायक प्रमुख जिल्ला अधिकारी

भुमिश्वर पोखेल
प्रमुख जिल्ला अधिकारी

# निवेदक/सेवाग्राहीले पुर्याउनुपर्ने रित

सेवाग्राहीले निवेदन पेश गर्दा आफ्नो नेपाली नागरिकता प्रमाणपत्रको स्पष्ट बुझिने गरी रंगिन स्क्यान कपी तथा रु. १० को हुलाक टिकट टाँस गरी हुलाक टिकटमा समेत पर्नेगरी निजको सहिछाप सहितको निवेदन पेश गर्नुपर्ने ।

* निवेदन पेश गर्दा अनिवार्य रुपमा आफ्नो सम्पर्क नं. समेत उल्लेख गर्नुपर्ने, सम्भव भएमा e-mail ठेगाना समेत राख्ने ।
* निवेदन पेश गर्दा निवेदक हाल सम्म यस जिल्लामा स्थायी बसोबास गर्दै आएको व्यहोरा समेत खुल्ने गरी निवेदनमा उल्लेख गरी सहिछाप गर्नुपर्ने छ ।
* अन्य जिल्लाबाट यस जिल्लामा विवाह गरी आएको महिलाको हकमा विवाह दर्ता सहित पतिको नेपाली नागरिकताको प्रमाणपत्रको रंगिन स्क्यान कपि समेत पेश गर्नुपर्ने ।
* अन्य जिल्लाबाट जिल्लामा बसाई सरी आएका ब्यक्तिहरुको हकमा बसाई सराई दर्ता प्रमाणपत्र पेश गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दुनै, डोल्पा

१८४३

मिनराज रिमाल
...यक प्रमुख जिल्ला अधिकारी

# पुनश्च :

* गैर दलित थर सँग मिल्ने थर तथा आदिवासी/जनजाति प्रतिष्ठानले जारी गरेको सुचीकृत थर वाहेकको हकमा यो व्यवस्था लागु हुने छैन सो अवस्थामा ब्यक्ति स्वयं उपस्थित हुनुपर्ने छ।
* निवेदकले तोकिएको कागजात स्पष्ट रुपमा बुझिने गरी अनिवार्य रुपमा रंगिन स्क्यान कपि पेश गर्नपर्ने छ।
* अविवाहित महिला निवेदकको हकमा निजले हाल सम्म विवाह नगरेको व्यहोरा ठिक साँचो हो भनि निवेदनमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।

मिनराज रिमाल
सहायक प्रमुख जिल्ला अधिकारी

२०६९/१२/०६
भुमिश्वर पोख्रेल
प्रमुख जिल्ला अधिकारी

# समयवधि

* सम्पूर्ण प्रक्रिया पुरा गरिएको र कार्यालयको E-mail तथा Internet नियमित रुपमा सुचारू संचालन भएकोमा निवेदन पेश गरेको बढीमा १ घण्टा भित्र सिफारिस पत्र सम्बन्धित व्यक्तिको E-mail ठेगानामा पत्राचार गरिने छ ।
* सम्बन्धित निवेदकले उक्त प्रमाणपत्रको सक्कलै कागजात लिन चाहेमा आफ्नो एकाघरमा नेपाली नागरिकता प्रमाणपत्र प्राप्त ब्यक्ति मार्फत हस्ते उपलब्ध गराईने छ ।

मिनराज रिमाल
सहायक प्रमुख जिल्ला अधिकारी

2069/12/06
भुमिश्वर पोखेल
प्रमुख जिल्ला अधिकारी

# सम्पर्क

* E-mail : daodolpa2076@gmail.com
* मिनराज रिमाल (सहायक प्रमुख जिल्ला अधिकारी): ९८५८३६६५६६
* खिममान घर्ति (नायव सुब्बा: नागरिकता शाखा) : ९८४७९५८७५१
* गोरख ब. शाही (ना.सु.: नागरिकता शाखा) : ९८५८३९०७४०
* सन्तोष बोहोरा (क.अ.) : ९८५८३६६१३८

मिनराज रिमाल
सहायक प्रमुख जिल्ला अधिकारी

भुमिश्वर पोखेल
प्रमुख जिल्ला अधिकारी